সভা নং:
পৃষ্ঠা নং: ২১

তাং: ০৬/৭/৭৯

## সদস্য সভার উপস্থিতি:

| ওয়ার্ড | পদ | নাম | দস্তখত |
|---|---|---|---|
| ৭৩ | শ্রীমান প্রধান | রাম দেবান | [signature] |
| ৭৭ | ,, ,, উপপ্রধান | বলরাম রায় | [signature] |
| ১ | ,, ,, সদস্য | উদ্ধব সিংহ | [signature] |
| ২ | ,, ,, ,, | অনন্ত কুমার সিংহ | [signature] |
| ৩ | ,, ,, ,, | মতিলাল বাগ্দাস | [signature] |
| ৪ | ,, ,, ,, | দেবেন্দ্রকুমার রায় | [signature] |
| ৫ | ,, ,, ,, | ভগবান রায় | [signature] |
| ৬ | ,, ,, ,, | ভবেন্দ্র মল্লিক | [signature] |
| ৭ | ,, ,, ,, | সুরেন্দ্রনাথ বর্মন | [signature] |
| ৮ | ,, ,, ,, | কমল খাতুন | [signature] |
| ৯ | ,, ,, ,, | হীরা উরাও | [signature] |
| ১০ | ,, ,, ,, | নিরঞ্জন লাকড়া | [signature] |
| ১১ | ,, ,, ,, | ধনকুমার লিম্বু | [signature] |
| ১২ | ,, ,, ,, | কিশোর ওরাও | [signature] |
| ১৩ | ,, ,, ,, | মহেশ সিংহ | [signature] |
| ১৪ | ,, ,, ,, | মদন নারায়ণ সিংহ | [signature] |
| ১৫ | ,, ,, ,, | রূপা ওরাওঁ | [signature] |
| ১৬ | ,, ,, ,, | রাম বাহাদুর ছেত্রী | [signature] |
| ১৭ | ,, ,, ,, | শ্যামা বাহাদুর রাই | [signature] |
| ১৮ | ,, ,, ,, | রমেশ রাই | [signature] |
| ১৯ | ,, ,, ,, | উমা বাহাদুর তামাং | [signature] |

**পদেন সদস্য**

| | | |
|---|---|---|
| শ্রী অ/প অঞ্চল শ্রীমান, সভাপতি | বিরজামোহন পাল [illegible] | [signature] |
| অ/প [illegible] ,, ,, | ইস্‌মাইল হুসেন | × |
| অ/প [illegible] ,, ,, | শিবপদ ওঝা | × |
| অ/প [illegible] ,, ,, | বিরজামোহন রাই | [signature] |
| অ/প [illegible] ,, ,, | ইদ্রিস জামাল | × |
| অ/প [illegible] ,, ,, | লক্ষ্মী রাই | × |

আজ ১৩৮৬ সাল আষাঢ় ২৬ তারিখে শ্রীমান প্রধান [illegible] সভাপতিত্বে [illegible] অনুষ্ঠিত সভায় [illegible] নিম্নলিখিত প্রস্তাব [illegible] নিম্নলিখিত প্রস্তাব গৃহীত হয়।

(ক্রমশঃ)

[signature]

र्णय नं. १ साविकमा लगाई आएको सुविधा दस्तुर रु -।२५ पैसा यहि ०४५
साल श्रावण १ गते देखी बन्द गर्ने। सभागृह निर्माणाधिन अधुरो रहेकोले साविक
मा लिई आएको सभागृह कोष को लागी रु -।२५ पैसा ०४५ साल श्रावण १ गते
देखी यथावत लिने। ब्यापार कर रु -।५० पैसा बाट रु १।- असुल उपर हुने
भएकोले वर्तमान अवस्था लाई हेरी साविकमा बाढी ग्रस्त नियन्त्रण कोष मा-
लिई आएको रु -।५० पैसा मा ०४५ साल श्रावण १ गते देखी रु -।२५ पैसा
मात्र असुल उपर गर्ने र सोको समर्थन गरि दिन धरानमा बाढीको प्रकोप
यथावत रहेको तथा खहरे खोला ले अझ विकराल रुप लिन थालेकोले [illegible]
को लागी श्री मा॰ कोशी अंचलाधीश ज्यू मार्फत श्री ५ को सरकारमा अनुरोध
गर्ने निर्णय गरियो।

र्णय नं. २, सभागृह निर्माण को लागी श्री ५ को सरकार बाट छुट्टै बजेटको
व्यवस्था भएमा र बाढी ग्रस्त क्षेत्र नियन्त्रण को सम्पूर्ण अभिभारा श्री ५ को
सरकारले लिएको खण्डमा साविकमा लिई आएको उक्त बमोजिम को रकम
असुल गर्ने न॰ पं॰ ले बन्द गर्ने निर्णय गरियो।

र्णय नं. ३ श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडा महारानी सरकार बाट
२०४४ साल पौष १४ गते देखी माघ २८ गते सम्म गरिबक्सेको पूर्वाञ्चल
विकास क्षेत्र को अनौपचारीक भ्रमण को अवसरमा श्री ५ महाराजाधिराज
सरकार बाट बक्स भएका मार्गदर्शन तथा निर्देशन अनुरुप "नगर पंचायत
क्षेत्र भित्रको ऐलानी जग्गा र गौचर जमिन बचाउन पंचायत लाई प्रशासनले
आवश्यक सहयोग गरि दिने" भन्ने सम्बन्धमा ध॰ न॰ पं॰ क्षेत्रको सम्पूर्ण
वार्डमा सार्वजनिक देवस्थल, पौवा, पाटी, ऐलानी जग्गा र नदी नाला
समेतको सार्वजनिक जमिनको रकबा लागत लिई पठाउने तथा यस्ता
सार्वजनिक स्थलको कसैले दर्ता, नामसारी गरेको भए त्यसको पनि लागत
पठाउने र सार्वजनिक जमिनमा घर, झुप्रा, घुम्ती खावो अधिकरण गर्न
बाट रोक्ने, कसैले यस्तो ऐलानी सार्वजनिक जग्गामा जबरजस्ती गरी
बसेमा प्रशासन समेतको सहयोग लिई हटाउने निर्णय गरियो।

र्णय नं. ४

एम॰ एस॰ टि॰ पि॰ द्वारा तयार पारिएको धरान नगर पंचायत को
नक्सा मा निम्न प्रतिक्रया लेखी पठाउने निर्णय गरियो :-

(१) ४६२ रकड जमिनमा ओगटेर बसेको ब्रिटीश क्याम्प निकट भविष्यमा
उठेर जाने हुँदा सो ब्रिटिश क्याम्पले ओगटेको जमिन र भवन हरु कुन
कार्यमा उपयोग गर्ने भन्ने उल्लेख नभएको।

(२) ध॰ न॰ पं॰ को नक्सा को बाउन्ड्री भित्र वार्ड हरुको सिमाना को
उचित व्यवस्था नभएको।

(३) ईन, मेटल - नन मेटल सडक हरु सहित रेखाङ्कन नभएको।

(४) नगर पंचायतको क्षेत्र को नक्सा भित्र विभिन्न महत्वपूर्ण देवस्थल
हरु, सरकारी - अर्ध सरकारी संस्था हरुको भवन हरुको जस्तै:-
जोइट अफिस, पुस्तकालय, रेडक्रस, क्षयरोग, गेष्ट हाउस आदीको

(क्रमशः)

यवस्था नभएको ।

) भताभुंड्र हाउँ भन्ने ऐतिहासिक स्थल पिण्डेश्वरी, बाबाधाम, -
बुढा सुब्बा, खत्री धारा को संकेत नभएको ।

) नगर पंचायत को सहि जनसंख्या को आधारमा ११८,३१३ जना
भएको नक्सामा उल्लेख नभएको ।

) वार्ड नं १७मा पर्ने पश्चीम र उत्तर या पर्ने डाँडा घोपा नक्सा
मा समावेस नभएको ।

निर्णय नं. ५

२०४५ साल श्रावण १गते देखी नयाँ आ.व. शुरु हुने भएकोले गत वर्षको बजेट शिर्षक को परिधीमा रहि हाललाई कार्यालयलाई चाहिने दैनिक कार्य संचालनमा बाधा नपर्ने गरी खर्च गर्ने निर्णय गरियो।

सभा संख्या :-

बैठक संख्या :- ४०

मिती : ०४५।४।५

समय : बिहान ८।३० बजे

## सदस्यवर्गको उपस्थिति

| वार्ड | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री वम देवान - | |
| ११ | उपप्रधान पंच | श्री बलराम थापा - | X |
| १ | सदस्य | श्री उद्धव श्रेष्ठ - | |
| २ | " | श्री चन्द्रप्रसाद श्रेष्ठ - | |
| ३ | " | श्री मोतीराज तामुका - | X |
| ४ | " | श्री होम प्रसाद आचार्य - | X |
| ५ | " | श्री भगवान थापा - | |
| ६ | " | श्री सुरेन्द्र बराली - | |
| ७ | " | श्री बुद्धराज मोक्तान - | |
| ८ | " | श्री बक्ता पाखिन | |
| ९ | " | श्री हिरा उदास - | |
| १० | " | श्री जीवन लावती - | |
| ११ | " | श्री धनप्रसाद लिम्बू - | |
| १२ | " | श्री किशोर गुरुङ - | |
| १३ | " | श्री रमेश श्रेष्ठ - | X |
| १४ | " | श्री पद्मनारायण श्रेष्ठ - | |
| १५ | " | श्री दुर्गा सुवेदी - | |
| १६ | " | श्री राम बहादुर घिमिरे - | |
| १७ | " | श्री शरण बहादुर राई - | |
| १८ | " | श्री भेषा राई | |
| १९ | " | श्री डम्वर तामाङ - | |

पदेन सदस्य

| संगठन | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| ने.कृ.सं. | सभापति | श्री उद्धवराज गुरुङ | |
| ने.प्रौढ सं. | सभापति | श्री विष्णुमोहन पालिखे | |
| ने.कि.सं. | " | श्री युवराज ढकाल - | |
| ने.मजदुर सं. | " | श्री विष्णु कुमार राई - | |
| ने.युवक सं. | " | श्री भिम कुमार गुरुङ - | X |
| ने.महिला सं. | " | श्रीमती लक्ष्मी राई - | X |

आज २०४५ साल श्रावण ५ गते श्रीमान प्रधान पंच वम देवान ज्यू को अध्यक्षतामा ध.न.८ पं० को बैठक बसी निम्न प्रस्तावमा विस्तृत छलफल गरि निम्न प्रस्ताव पारित गरियो।

* निर्णय नं. १

मिति ०४५।३।२५मा साबिकमा उठाइआएको बाढी ग्रस्त कोष ~~रु ०.७५ पैसाको~~ नियन्त्रण कोष रु.०.५० पैसाको सट्टा रु ०.२५ पैसा

क्रमशः

र सभागृह निर्माणको लागी रु ०.२५ पैसा कम उठाउने निर्णय भै स्वीकृतीको लागि श्री ५को सरकारमा श्रीमान कोशी अँचलाधिश ज्यू मार्फत अनुरोध गर्ने निर्णय ~~गरियो~~ भएकोमा यस बारेमा आवश्यक सर सल्लाह गरि निकाशा लिन प्रधान पंच ज्यू लगायत ध० न० पं० का सदस्यहरु कोशी अँचलाधिश ज्यू समक्ष पुरिसिधि जाने, समयको अनुकुल प्रधान पंचले मिलाउने।

निर्णय नं० २

कोशी अँचलाधीश कार्यालयको च० नं० ४२१ मिति ०४२।४।४-३ को पत्रानुसार धरानमा भारत सरकारको पेन्सन पेइङ्ग पोष्ट र कोशी योजनाको कोलोनी बसेको एरिया लाई करिब १-१०-० एकविघा दशकठ्ठा जमिन उपलब्ध गराउनु पर्ने भएकोले, त्यस्तो ऐलानी जग्गा साविक बंजगार गा० पं० वा० नं० २।ख हाल ध० न० पं० वा० नं० १५मा करिब २-५-० दुइबिघा पाँचकठ्ठा जम्मा ऐलानी रहेको र सो जग्गा उपलब्ध गराउन सकिने भन्ने वा० नं० १५ का न० पं० स० श्री दुर्गा सुवेदी ज्यू ले जनाई भएकोले सो जग्गा उक्त कामको लागी-उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं० ३

नेपाली कवि पं० दिनानाथ पौडेल यहि भाद्र महिनाको तेस्रो हप्तामा ~~समस्त~~ अधिराज्य व्यापी पैदल भ्रमणको सिलसिलामा धरानमा पाल्नु हुने भएको सु अवसरमा उहाँको स्वागतार्थ प्र० पं० ज्यूले सर्व कलाई बोलाई प्रौढ संगठनका सभापतिको अध्यक्षतामा स्वागत समिति बनाई विभिन्न कार्यक्रमहरु समेत तर्जुमा गर्न गराउन निर्णय गरियो।

निर्णय नं० ४

धरानमा निर्माण हुने एकेडमी सेन्टरको लागी आवश्यक जमिन ध० न० पं० को अतिथि गृहको पश्चीम तर्फको ऐलानी जग्गा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं० ५

आधारभूत आवश्यकताको लागी अति जरुरी विद्युत जस्तो कुराको हाल बढेको विद्युत महशुल बाट सर्व साधारण-जनतालाई ठूलो असर परेको हुँदा न्यायोचित रुपमा विद्युत महशुलमा सम्बन्धीत निकाय बाट पुनः विचार भै महशुल घटाउन अनुरोध गरि पठाउने निर्णय गरियो।

निर्णय नं० ६

धरान बजारमा दैनिक उपभोगका सामानहरुमा अनावश्यक रुपमा मुल्य वृद्धी गर्न बन्द रोकन हेतु व्यापारिवर्गलाई आ-आफ्नो पसलमा बोर्डमा मुल्य सुची राख्न ७दिन को म्याद दिई राख्न लगाउने. ~~सहयोगको निर्णय गरियो~~। र

क्रमशः

यस कामको सहयोगको लागी स्थानिय प्रशासनमा अनुरोध गर्ने र व्यापक प्रचार प्रसारको लागी माइकिङ् समेत गर्ने निर्णय गरियो।

आजको बैठक १०:४५ मा समाप्त गरियो।

सभा संख्या -  
बैठक संख्या - ४१

मिति - ०४२/४/१३  
समय - ५ बजे

## सदस्यवर्गको उपस्थिति

| वार्ड | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १२ | प्रधान पंच | श्री बम देवान - | |
| ११ | उपप्रधान पंच | श्री बलराम थापा - | |
| १ | सदस्य | श्री उद्धव श्रेष्ठ - | |
| २ | ,, | श्री चन्द्र प्रसाद श्रेष्ठ - | X |
| ३ | ,, | श्री योली राज तामाकार - | X |
| ४ | ,, | श्री होम प्रसाद आचार्य - | |
| ५ | ,, | श्री भगवान थापा - | X |
| ६ | ,, | श्री सुरेन्द्र पराजुली - | |
| ७ | ,, | श्री वृद्ध राज योम्बान - | |
| ८ | ,, | श्री कृष्ण पाख्रिन - | |
| ९ | ,, | श्री हिरा डढाल - | |
| १० | ,, | श्री सिवन लावती - | |
| ११ | ,, | श्री धन प्रसाद लिम्बु - | X |
| १२ | ,, | श्री किशोर सुब्बा - | |
| १३ | ,, | श्री रमेस श्रेष्ठ - | |
| १४ | ,, | श्री पद्म नरसिंह श्रेष्ठ - | |
| १५ | ,, | श्री पूर्ण दुवेदी - | |
| १६ | ,, | श्री राम बहादुर घिमीरे | |
| १७ | ,, | श्री शरण बहादुर राई - | |
| १८ | ,, | श्री रमेश राई - | |
| १९ | ,, | श्री डम्बर बहादुर तामाङ - | |

### पदेन सदस्य

| | | | |
|---|---|---|---|
| ने० मु० प्र० से० स० | सभापती | श्री इच्छा राज गुरुङ - | |
| ने० यो० सं० | ,, | श्री विष्णु मोहन पाख्रिने - | X |
| ने० कि० स० | ,, | श्री युवराज ढकाल - | |
| ने० म० स० | ,, | श्री विष्णु कुमार राई - | X |
| ने० यु० स० | ,, | श्री मित्र कुमार सुब्बा - | X |
| ने० म० स० | ,, | श्रीमति लाली राई - | X |

आज मिति ०४२/४/१३ गते श्री मान प्रधान पञ्च बम देवान ज्यू को अध्यक्षतामा बसेको ध० न० प० को बैठकबाट निम्न प्रस्ताव मा विस्तृत छलफल गरी निम्न प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो।

प्रस्ताव नं० १.

निर्णय श्री ५ मुमा बडामाहारानी रत्न राज्य लक्ष्मी देवी शाह सरकारको ६१ औं शुभ जन्म दिवस हिरक जन्मोत्सवको रूपमा

आगामी भाद्र ४ गते २०४५ मा भव्य ^ऐक्य^ रूपमा हर्षोउल्लास पूर्वक नेपाल महिला संगठन प्र. का. का सभापतीको संयोजकत्वमा पंच, वर्गिय संगठनका पदाधिकारी, व्यापारी, बुद्धिजिवी तथा शिक्षक विद्यार्थी समाज सेवी सम्पुर्ण नगर वासिका तर्फवाट मनाउने निर्णय गरियो

निर्णय नं. २.

हाल धरानमा रहेको वृटिस गोर्खा रिक्रुटमेन्ट क्याम्प छोपा निकट भविष्यमा उठेर जाने भएकोले सो क्याम्प धरान वाट गए पछि धरानका जनता तथा पुर्वाञ्चल क्षेत्रका जनताहरूको वढि भन्दा वढी हित तथा लाभ हुने गरी अस्पतालको सम्वन्धमा ६ वर्ष सम्म वृटिश सरकार कै म्यानेजमेन्ट मा अरु थप औजार उपकरण तथा आवासिय दक्ष जन शक्ति साथै भवन समेतको व्यावस्था गरी क्षेत्रीय तथा शिक्षण अस्पतालको रूपमा संचालन गर्न सम्वन्धित वृटिश निकायलाई श्री ५ को सरकार मार्फत न. प. वाट अनुरोध गर्ने साथै पर्यटनको सम्वन्धमा वृटिश सरकारको माध्यमवाट स्थानिय कन्सल्टेन्ट द्वारा सम्भाव्यता-अध्ययन गर्न लगाई अन्तराष्ट्रिय स्तरका प्रतिष्ठित संघ संस्थालाई धरानका जनता र धरान नगर पंचायतलाई वढि फाइदा पुग्ने गरी व्यावस्थापन गर्न अनुरोध गर्ने।

निर्णय नं. ३.

माननिय गृह राज्य मंत्री ज्यू ले राष्ट्रिय पंचायतको गत ०४५ श्रावण ६ गतेका दिनको अधिवेशन समयमा आवश्यक पुर्वाधार तयार भए पछि धरानमा अंचलाधिश कार्यालय सार्ने भन्ने विज्ञप्ती विभिन्न पत्र पत्रिका तथा रेडियोको माध्यमवाट जानकारी हुन आएकोले ध. न. प. वोर्ड वाट हार्दिक स्वागत अभिनन्दन गर्दै अंचलाधिश कार्यालय अविलम्व धरानमा सार्ने सम्वन्धमा ध. न. प. ले निर्वाह गर्नु पर्ने आवश्यक पुर्वाधारका वारेमा गृह मंत्रालयमा श्री मान कोशी-अंचलाधिशमा आवश्यक निर्देशन पाउनका निमित्त अनुरोध गर्ने।

~~निर्णय नं. ४.~~ आजको बैठक ६.४० मा स्थगित वा समाप्त गरियो।

समय संख्या -
बैठक संख्या - ४२

मिति २०४५/५/६
समय :

## सदस्य वर्ग को उपस्थिती :-

| वार्ड | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १२ | प्रधान पञ्च | श्री [illegible] | [signature] |
| ११ | उप प्रधान पञ्च | श्री बलराम थापा | [signature] |
| १ | सदस्य | श्री उदय श्रेष्ठ | [signature] |
| २ | " | श्री चन्द्र प्रसाद श्रेष्ठ | [signature] |
| ३ | " | श्री मोतीराज ताम्राकार | x |
| ४ | " | श्री प्रेम प्रसाद आचार्य | [signature] |
| ५ | " | श्री मनुभान थापा | [signature] |
| ६ | " | श्री सुरेन्द्र पराजुली | [signature] |
| ७ | " | श्री बुद्धिराज मोत्तान | [signature] |
| ८ | " | श्री कृष्ण पाखरीन | [signature] |
| ९ | " | श्री हिरा उदास | [signature] |
| १० | " | श्री दिवन लावती | [signature] |
| ११ | " | श्री धन प्रसाद लिम्बु | x |
| १२ | " | श्री किशोर सुब्बा | x |
| १३ | " | श्री रमेश श्रेष्ठ | [signature] |
| १४ | " | श्री पदम नरसिंह श्रेष्ठ | x |
| १५ | " | श्री पूर्ण सुवेदी | [signature] |
| १६ | " | श्री राम बहादुर घिमिरे | [signature] |
| १७ | " | श्री शरण बहादुर राई | [signature] |
| १८ | " | श्री रमेश राई | x |
| १९ | " | श्री इन्द्र बहादुर तामाङ | [signature] |

## पदेन सदस्य :-

| | | | |
|---|---|---|---|
| ने० भू० पू० सै० सं० | सभापती | श्री इच्छाराज कुरुङ | x |
| ने० प्र० सं० | " | श्री विष्णु मोहन पोखरेल | x |
| ने० शि० सं० | " | श्री युवराज ढकाल | [signature] |
| ने० म० सं० | " | श्री विष्णु कु० राई | x |
| ने० यु० सं० | " | श्री मिन कु० सुब्बा | [signature] |
| ने० म० सं० | " | श्रीमती लक्ष्मी राई | [signature] |

## विशेष आमन्त्रित हरु

| | | | |
|---|---|---|---|
| १ | माननिय | श्री कृष्ण कुमार राई | [signature] |
| २ | माननिय | श्री पद्म प्रसाद आचार्य | [signature] |
| ३ | जि० पं० स० | श्री विनोद राई | [signature] |

आज मिति २०४५।५।६ गतेका दिन श्री मान प्रधान पञ्च ज्यू श्री बमदेवान ज्यू को अध्यक्षतामा बसेको धा० न० पं० को बैठक बाट निम्न प्रस्तावमा विस्तृत छलफलमा भाग लिई निम्न प्रस्ताव सर्वसम्मती बाट पारित गरियो

प्रस्ताव नं. १

निर्णय :

आआफ्नो वार्डमा वार्ड अध्यक्षज्यू हरुले न. स. स. समाजसेवी खासगरी युवा समूहमा समेत समावेश गरी भूकम्प पिडीत सहयोग समिति गठन गर्ने र आआफ्नो वार्ड को रिपोर्ट कन्ट्रोल रुममा तुरुन्त खबर गर्ने प्रबन्ध नपरेका वार्ड बाट वार्ड अध्यक्षज्यू हरुले स्वयम सेवक तयार पारी सेवाभाव प्रेरित युवा हरुलाई कन्ट्रोल रुममा पठाउने ।

नं. २ :-

भूकम्प पिडित गर्ने कामको लागी आवश्यक पर्ने इन्धनको लागी धा० न० पं० ले प्रबन्ध गर्ने यसको लागी जो जति आवश्यक पर्दछ प्र० पं० ज्यू को आदेश ले सवारी साधन समेतको प्रबन्ध मिलाउने ।

नं. ३ :-

निम्नलिखित पदाधिकारी हरु रहेको एक भूकम्प पिडित उद्धार समिति गठन गरिएको छ र उक्त गठित समिति मार्फत खर्च हुनेगरी रु १००००० रु एक लाख छुट्याई एको छ ।

भूकम्प पिडित उद्धार समिति —

| | | |
|---|---|---|
| १ | श्रीमान प्रधानपञ्च बम देवान | अध्यक्ष |
| २ | श्री ,, उपप्रधानपञ्च बलराम थापा | उपाध्यक्ष |
| ३ | श्री ,, अ० चन्द्र प्रसाद श्रेष्ठ | सदस्य |
| ४ | श्री ,, अ० रमेश श्रेष्ठ | ,, |
| ५ | श्री ,, अ० बुद्धराज मोक्तान | ,, |

नं. ४ —

२०४५।५।५ गते बिहान ४.२५ बजे अचानक भूकम्प आई नगरमा ठूलो धनजनको क्षति भएको हुँदा सो कारणले परिवार प्रती धा० न० पं० समवेदना प्रकट गर्दछ उक्त विकट परिस्थितिमा परेका परिवारका उद्धार कार्यका लागी धा० न० पं० ले युद्धस्तरमा आफ्नो प्रतिनिधी द्वारा जन सहभागीता संचालन गर्ने निर्णय पारित गरीयो ।

नं. ५ —

वर्गीय संगठनका प्रारम्भीक समितीहरुले स्वयम सेवक समेत को प्रबन्ध मिलाई सहयोग गर्न कन्ट्रोल अफिसमा सम्पर्क गर्ने ।

सफा

बै० सं० ४७

०४५।५।१०
समय - बिहान - ८ बजे

## सदस्य वर्गको उपस्थिति

| वडा | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान | |
| ११ | उ.प्र. प्रधान पंच | श्री बल राम थापा | |
| १ | सदस्य | श्री उद्धव श्रेष्ठ | |
| २ | ,, | श्री चन्द्र प्रसाद श्रेष्ठ | |
| ३ | ,, | श्री मोति राज [illegible] | x |
| ४ | ,, | श्री राम प्रसाद आचार्य | x |
| ५ | ,, | श्री भगवान थापा | |
| ६ | ,, | श्री सुरेन्द्र परोहित | |
| ७ | ,, | श्री बुद्धराज मोतान | |
| ८ | ,, | श्री कृष्णा पारिजन | |
| ९ | ,, | श्री हिरा उदास | x |
| १० | ,, | श्री जिवन लाउटे | |
| ११ | ,, | श्री धन प्रसाद लिम्बु | x |
| १२ | ,, | श्री किशोर [illegible] | |
| १३ | ,, | श्री रमेश श्रेष्ठ | |
| १४ | ,, | श्री पदम नारसिंह श्रेष्ठ | x |
| १५ | ,, | श्री कृष्ण प्रसाईं | |
| १६ | ,, | श्री राम बहादुर घिमिरे | |
| १७ | ,, | श्री शरण बहादुर राई | |
| १८ | ,, | श्री रमेश राई | |
| १९ | ,, | श्री डम्बर बहादुर तामाङ | |

पदेन सदस्य :

| | | | |
|---|---|---|---|
| ने.क्र.वि.सं.सं. | संयोजक | श्री इन्द्रराज गुरुङ | |
| ने.वि.सं. | ,, | श्री विष्णु मोहन पोखरेल | x |
| ने.कि.सं. | ,, | श्री युवराज ढकाल | |
| ने.मे.सं. | ,, | श्री विष्णु कु. राई | |
| ने.वि.सं. | ,, | श्री मिन ब. रसाइली | |
| ने.म.सं. | ,, | श्रीमति लक्ष्मी राई | x |

आज २०४५।५।१० गते शुक्रबार बिहान ८ बजे प्रधान पंच श्री बम देवान ज्युको अध्यक्षतामा न० पं० बैठक बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरी निम्न बमोजीम निर्णय गरियो।

प्र० नं० १ - ध० न० पं० क्षेत्रमा भुकम्प पिडित व्यक्तिहरुको मालिकको घरको लगत बनाई न० पं० बाट प्रमाण-

पत्र वितरण गर्ने र भत्किएका घर पुर्ननिर्माण गर्ने कार्यको लागी निम्न बमोजिम निर्माण सामाग्रीहरुमा लाग्ने न० पं० को चुङ्गीमा शत प्रतिशत मिन्हा दिने र भत्किएको घर पुर्ननिर्माण गर्दा लाग्ने घर नक्सा पास दस्तुर समेत मिन्हा दिने निर्णय गरियो। प्रत्येक वडा समितीले आ-आफ्नो वार्डमा भत्किएको घरको लगत लिई ७ दिन भित्र अनिवार्य रुपमा न० पं० मा उपलब्ध गराउने।
(१) सिमेन्ट (२) छड (३) ढुंगा, बालुवा, इंटा, (४) लकडी

प्र० नं० २ : हाल्लै गएको महा भुकम्पबाट ध० न० पं० क्षेत्रमा क्षती भएका निम्न तहका जुन व्यक्ति हरुको भत्किएको घर बनाउन नसकी अलपत्र परेका छन् त्यस्ता व्यक्तिहरु लाई ध० न० पं० बाट भुकम्प पिडीत उद्धार कोष खडा गरी सो कोषमा न० पं० ले आवश्यक चन्दा सहयोग उपलब्ध गर्न श्री ५ को सरकार को स्वीकृती लिई चन्दा संकलन गर्ने र संकलन भएको चन्दा रकमबाट निम्न तहका जनता को आवास निर्माण गर्न ढुंगा, गिट्टी, इट्टा, कर्कटपाता, लकडी खरीद गरी निःशुल्क वितरण गर्ने व्यवस्था गर्ने निर्णय गरीयो।

प्र० नं० ३ - ध० न० पं० क्षेत्र भित्रका भुकम्प पिडित परिवारहरु लाई राहत कार्यमा प्रभावकारी ढंगबाट संचालन गर्नु पर्ने भएकोले न० पं० क्षेत्र भरी के के कमि छ सो यथार्थ बुझि कन्ट्रोल अफिसमा बराबर खबर गर्ने र भएको निर्णय सर्व साधारणलाई जानकारी गराउन वर्गीय संगठनका निम्न सभापती ज्यु हरुलाई जिम्मेवारी दिने।

(१) सभापती ने० किसान संगठन
(२) " ने० युवक "
(३) " ने० मजदुर "
(४) " ने० भु० पू० से० सं०

प्र० नं० ४. महा भुकम्पबाट ध० न० पं० क्षेत्रमा भएको अपूरणीय क्षतीको बारेमा आवश्यक सर सल्लाहको लागी मिती ०४५।५।११ गते शनीबार बिहान ८ बजे आकस्मिक नगर सभा बैठक बोलाउने निर्णय गरीयो। सबै वार्ड अध्यक्ष हरुले आ-आफ्नो वार्डका न० स० स० हरुलाई अविलम्ब खबर सुचना पठाउने।

प्र. नं. ५ हाल्लै आएको महा भुकम्पबाट यस न० पं० को ३ नं० वार्डका न० स० स० श्री पद्दम कुमार श्रेष्ठको

असामयीक मृत्यु भएकोले दिवंगत आत्माको चिरशान्ती कामना गर्दै शोकाकुल परिवार प्रति हार्दिक सहानुभुति प्रकट गर्ने र निजको परिवारलाई काज क्रिया खर्च को लागी रु. ५०००/- पांचहजार अनुदान दिने निर्णय गरियो।

प्र० नं० ६ भूकम्प पिडित उद्धार समितीको निर्णयानुसार खर्च गर्ने गरी थप रु. १,००,०००/- एकलाख रकम छुट्याउने निर्णय गरियो। सो रकम खर्च गर्दा पूर्व गठित ५ जवान समितीको निर्णयानुसार गर्ने।

बैठक संख्या-४४

मिति-०४५।५।१६
समय बिहान ८ बजे

## सदस्यहरुको उपस्थिति

| वार्ड नं० | पद | नाम थर | | दस्तखत |
|---|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान | — | [signature] |
| ११ | उप " " | श्री बलराम थापा | — | × |
| १ | न० पं० सदस्य | श्री उद्धव क्षेत्री | — | [signature] |
| २ | " " " | श्री चन्द्र प्रसाद क्षेत्री | — | [signature] |
| ३ | " " " | श्री मोतीराज ताम्रकार | - | × |
| ४ | " " " | श्री येम प्रसाद आचार्य | — | [signature] |
| ५ | " " " | श्री भगवान थापा | — | [signature] |
| ६ | " " " | श्री सुरेन्द्र पराली (राई) | — | [signature] |
| ७ | " " " | श्री बुद्धिराज मोक्तान | — | [signature] |
| ८ | " " " | श्री कृष्ण पाखिन | — | [signature] |
| ९ | " " " | श्री हिरा उदास | — | [signature] |
| १० | " " " | श्री जीवन कुमार लावती | — | [signature] |
| ११ | " " " | श्री धन प्रसाद लिम्बु | — | [signature] |
| १२ | " " " | श्री किशोर सुब्बा | — | [signature] |
| १३ | " " " | श्री रमेश क्षेत्री | — | [signature] |
| १४ | " " " | श्री पदम नरसिंह क्षेत्री | — | [signature] |
| १५ | " " " | श्री स्वर्ण सुवेदी | — | [signature] |
| १६ | " " " | श्री राम बहादुर घिमिरे | — | [signature] |
| १७ | " " " | श्री शरण बहादुर राई | — | [signature] |
| १८ | " " " | श्री रमेश राई | — | [signature] |
| १९ | " " " | श्री डम्बर बहादुर तामाङ | — | [signature] |

### पदेन सदस्य

| | | | |
|---|---|---|---|
| ने० प्रौढ संगठन- सभापती | श्री बिष्णु मोहन पलिखे | | [signature] |
| ने० भूपूर्व सै० " " | श्री इच्छाराज गुरुङ | - | [signature] |
| ने० किसान " " | श्री युवराज ढकाल | - | [signature] |
| ने० युवक " " | श्री मिन कुमार सुब्बा | - | × |
| ने० मजदुर " " | श्री बिष्णु कुमार राई | - | [signature] |
| ने० महिला " " | श्रीमती लक्ष्मी राई | | × |

आज २०४५ साल भाद्र १६ गते बिहिवार बिहान ८ बजे न० पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यु को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

[signature]

विशेष आमन्त्रीत

माननिय स्वास्थ सहायक मन्त्री श्री कृष्ण कुमार राई -

सभापती जि० वि० सुनसरी - श्री रमेश श्रेष्ठ -

प्र० जि० अ० " श्री बिन्देश्वरी प्रसाद सिंह

निर्णय

① यहि ०७२ भाद्र ५ गते भएको महा भुकम्पबाट पिडित परिवारलाई आवश्यक पर्ने खाद्यान्न वितरण गर्नको लागी अपुग चामल खरिद गर्न जिल्ला दैवी प्रकोप उद्धार समितीलाई ध० न० पा० बाट रु. ३,५०,०००।- तिनलाख पचास हजार र जि० वि० सुनसरी बाट रु १,००,०००।- एकलाख साथै माग गरी सो रकमबाट खाद्यान्न (चामल) खरिद गरी उचित ढंगबाट छुट भएको लगत समेत पुनः सोधी खोजी संकलन गरी न्यायोचित तरीकाबाट चामल वितरण गर्ने निर्णय गरियो।

साथै उल्लेखित चामल वितरण गर्दा ② सोमबार वितरण भएको कुपनहरु मध्ये प्रत्येक कुपनबाट ५० किलो कोटाको कुपनको चामल वितरण गर्ने र बाँकी चामल दोस्रो चरणको चामल उपलब्ध भए पछि वितरण गर्ने।

③ न० पा० क्षेत्रमा भुकम्पबाट घर भत्किई सडक नालामा जम्मा हुन आएको फोहोर मैला सफा गर्न बारे प्रभावित क्षेत्रमा गर्ने र निम्न शिर्षकमा निम्न बमोजिम रकम खर्च गर्ने निर्णय गरियो।

उपशिर्षक

① धरान अस्पताललाई गएको औषधीको भुक्तानी गर्ने रु २५०००।-
② सडक, नाला सफा गर्ने ट्रक, ट्याक्टरलाई इन्धनको रु १०,०००।-
③ " " " " कुल्ली, मजदुरीको रु २०,०००।-

आजको बैठक डिउसो १२।२५ समाप्त गरियो।

क्र० सं० ४८

मिती ०४५।५।२६
समय - बिहान - ७/३०

आज मिती २०४५।५।२६ गते बिहान ७/३० बजे निम्न सदस्य वर्गको उपस्थीतीमा न० पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यु को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरी पारित गरियो।

उपस्थिति

| वार्ड | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान — | [signature] |
| ११ | उप प्रधान " | श्री बलराम थापा — | [signature] |
| १ | न० पं० सदस्य | श्री उद्धव श्रेष्ठ — | [signature] |
| २ | " " " | श्री चन्द्र प्रसाद श्रेष्ठ — | [signature] |
| ३ | " " " | श्री मोतीराज तम्रकार — | अ. |
| ४ | " " " | श्री होम प्रसाद आचार्य — | [signature] |
| ५ | " " " | श्री भगवान थापा — | [signature] |
| ६ | " " " | श्री सुरेन्द्र पराली (राई) — | [signature] |
| ७ | " " " | श्री उद्धवराज ओक्तान — | [signature] |
| ८ | " " " | श्री कृष्ण पाखिन — | [signature] |
| ९ | " " " | श्री हिरा उदास — | [signature] |
| १० | " " " | श्री जीवन कुमार लावती — | [signature] |
| ११ | " " " | श्री धन प्रसाद लिम्बु — | अ. |
| १२ | " " " | श्री किशोर सुब्बा — | [signature] |
| १३ | " " " | श्री रमेश श्रेष्ठ — | [signature] |
| १४ | " " " | श्री पदम नरसिंह श्रेष्ठ — | [signature] |
| १५ | " " " | श्री दुर्गा सुवेदी — | [signature] |
| १६ | " " " | श्री राम बहादुर घिमिरे — | [signature] |
| १७ | " " " | श्री शरण बहादुर राई — | [signature] |
| १८ | " " " | श्री रमेश राई — | [signature] |
| १९ | " " " | श्री डम्बर बहादुर तामाङ — | [signature] |

पदेन सदस्य

| पद | संगठन | नाम | हस्ताक्षर |
|---|---|---|---|
| सभापति | ने० प्रौढ संगठन | श्री विष्णु मोहन पाखिवे — | अ. |
| " | ने० भू० पू० सै० " | श्री इच्छाराज गुरुङ — | [signature] |
| " | ने० किसान " | श्री युवराज ढकाल — | [signature] |
| " | ने० युवक " | श्री मिन कुमार सुब्बा — | अ |
| " | ने० मजदुर " | श्री विष्णु कुमार राई — | अ. |
| " | ने० महिला " | श्रीमती लक्ष्मी राई — | [signature] |

निर्णय - (१)
यहि २०४५ भाद्र ५ गते गएको महाभुकम्पबाट [illegible] क्षेत्रलाई पूर्णरूपमा क्षती पुर्याई स्कूल, क्याम्पस, मन्दिर

[illegible]

~~स्थानको~~ सम्पत्तिको
जस्ता सार्वजनिक स्थानको अपुरणिय क्षती भएकोले यस तर्फ श्री ५को सरकारबाट पूर्ण सहानुभूति राखि मिलाउने को व्यवस्था गरि दिन श्री ५को सरकारसँग जोडदार माँग गर्ने निर्णय गरियो।

(१) सार्वजनिक सम्पत्ति जस्तै स्कुल, कलेज, मन्दिर जस्ता सार्वजनिक भवनहरूको पूर्ण रुपमा श्री ५को सरकारबाट पुर्ननिर्माण होस।

(२) भुकम्पबाट मृत प्राय भएको धरानलाई पुर्नजिवित गर्न दीर्घकालीन निर्ब्याजी ऋण सहुलियत भवन निर्माण को लागी उपलब्ध होस।

(३) यस न०पा० को ऐतिहासिक गरिमा बचाई राख्न अबिलम्ब नगर बिकाश योजना लागु गरी सुव्यवस्थित तरीकाले योजनाबद्ध तरीकाबाट आवाश निर्माण गर्न भौतिक तथा आवाश मन्त्रालयबाट प्राबिधिक सर सल्लाहको लागी स्थायी रुपमा कार्यालय खडागरी प्राविधिक एवं सल्लाह उपलब्ध होस।

(४) भवन निर्माण गर्दा लाग्ने निर्माण सामाग्रीमा लाग्ने सम्पूर्ण राजस्व मिन्हा गरी लागत मुल्यमा सामाग्री उपलब्ध होस।

(५) असाह्य भुकम्प पिडित व्यक्तिहरू लाई निर्माण सामाग्री निःशुल्क अनुदान स्वरुप उपलब्ध होस

(६) काठ खरीद गर्दा सरकारी रोयल्टी मिन्हा गरियोस।

(७) निरपेक्ष गरीबीको रेखामुनी रहेका जनताहरूको लागी नमुना घरहरू निर्माण गरियोस।

(८) भुकम्प प्रभाव रहित भवन निर्माण गर्ने प्रविधीहरूको बिकाश गरियोस।

धरानको चौतर्फि बिकाशको लागी निम्न अनुसारको व्यवस्था अबिलम्ब लागु होस भनी श्री ५को सरकार सँग माँग गर्ने।

(१) अञ्चलाधिश कार्यालय तथा अंचलस्तरीय कार्यालयहरू धरानमा अबिलम्ब सार्ने व्यवस्था गरियोस।

(२) धरानमा क्षेत्रीय अस्पतालको स्थापना गरियोस।

(३) स्वाँयत्त बिश्व बिद्यालयको स्थापना होस।

(४) पर्यटक केन्द्रको स्थापना होस।

(५) राष्ट्रियस्तरका बुद्धिजीवी तथा उद्योगपतीहरूलाई आकर्षण गर्ने खालको योजना धरानमा लागु गरियोस।

(६) धार्मिक स्थलको संरक्षण गरी पुर्ननिर्माण होस।

निर्णय नं.
(२) भूकम्प पिडित उद्धार कार्यको लागी तत्काल राहतको लागी न. पं. बाट निम्न बमोजीम खर्च भएको रकम केन्द्रीय दैवी प्रकोप उद्धार समिती बाट सोधभर्ना माँग गरी पठाउने निर्णय गरीयो सो रकम सोधभर्ना नहुँदा न. पं. को विकाश निर्माण कार्यमा प्रत्यक्ष असर पर्न जाने व्यहोरा समेत अनुरोध गर्ने।

(१) भूकम्प पिडित परिवारहरूलाई निःशुल्क बितरण गर्न खरीद गरिएको खाद्यान्नको रु. —— ३,२०,०००।-

(२) राहत कार्यको लागी प्रयोग भएको डोजर, टेक्टर, क्रेन, लोडर, ट्रिपर, ट्रक र अन्य सवारीको लागी इन्धन खर्च रु. —— १,००,०००।-

निर्णय नं. ३ भूकम्प पिडित उद्धार कार्यको लागी हाल न. पं. को कोषमा रकम अभाव भएकोले पछि सोधभर्ना गर्ने गरी सभागृह निर्माण कोषबाट रु. १००,०००।- एक लाख सापटी माँग गरी इन्धन र आवश्यक शिर्षकमा खर्च गर्ने निर्णय गरियो।

आजको बैठक बिहान ६/४५ बजे समाप्त गरीयो।

…क संख्या : ४६

मिति : २०४२।६।७

समय : बिहान ७/३० बजे

## उपस्थिति

| वडा | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १२ | प्रधान पंच | श्री बम देवान | |
| ११ | उप प्रधान पंच | श्री बलराम थापा | |
| १ | न.पं. सदस्य | श्री श्री उद्धव श्रेष्ठ | |
| २ | " " " | श्री चन्द्रप्रसाद श्रेष्ठ | |
| ३ | " " " | श्री मोतीराज ताम्रकार | |
| ४ | " " " | श्री टोम प्रसाद आचार्य | |
| ५ | " " " | श्री भगवान थापा | |
| ६ | " " " | श्री सुरेन्द्र पराली (राई) | |
| ७ | " " " | श्री बुद्धराज मोलान | |
| ८ | " " " | श्री कृष्ण पाखिन | |
| ९ | " " " | श्री हिरा उदास | |
| १० | " " " | श्री जीवन लावटी | |
| ११ | " " | श्री धन प्रसाद लिम्बू | |
| १२ | " " " | श्री किशोर सुब्बा | |
| १३ | " " " | श्री रमेश श्रेष्ठ | |
| १४ | " " " | श्री पद्मनाथसिंह श्रेष्ठ | |
| १५ | " " " | श्री धर्म सुवेदी | |
| १६ | " " " | श्री राम बहादुर घिमिरे | |
| १७ | " " " | श्री शरण बहादुर राई | |
| १८ | " " " | श्री रमेश राई | |
| १९ | " " " | श्री डम्बा तामाङ | |

### पदेन सदस्य

| पद | | नाम | दस्तखत |
|---|---|---|---|
| सभापती | ने.प्रौढ संगठन | श्री विष्णुमोहन पालिखे | |
| सभापती | ने.भू.पू.सै. " | श्री इच्छाराज गुरुङ | |
| " | ने.किसान " | श्री युवराज ढकाल | |
| " | ने.युवक " | श्री मित्र कुमार सुब्बा | |
| " | ने.मजदुर " | श्री विष्णु कुमार राई | |
| " | ने.महिला " | श्रीमती लक्ष्मी राई | |

आज २०४२ साल आश्विन ७ गते शुक्रवार बिहान ७/३० बजे न.पं. को बैठक प्रधान पंच श्री बम देवान ज्यु को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरी निम्न बमोजीम निर्णय गरियो।

**प्र.सं. १**

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडा

महारानी सरकारबाट हाल्है गएको महाभूकम्पबाट मध्यमाञ्चल तथा पूर्वाञ्चल क्षेत्रमा भएको जन धनको क्षती तथा भएको उद्धार कार्यको जानकारी हासिल गर्ने सिलसिलामा मौसुफ सरकारबाट पूर्वाञ्चल क्षेत्रको निरीक्षण, सवारी भ्रमणक्रममा यहि ०४५।५।४ गतेका दिन धरान सवारी होई बक्से भूकम्पपिडित क्षेत्रका हामी सम्पूर्ण जनतालाई यस दुःखद घडीमा असिम निगाहा पूर्वक दर्शन बक्से अनुगृहित गरी बक्सेकोमा मौसुफ सरकारका पाउमा समर्पित पूर्वक कृतज्ञता चढाउने निर्णय गरियो।

प्र० नं० २

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट भूकम्पग्रस्त क्षेत्रको निरीक्षण भ्रमण गरिबक्से श्री ५ को सरकारबाट पुनर्स्थापना कार्यको निर्देशन बक्स हुँदा धरान नगर क्षेत्रमा नगर विकास योजना लागु गर्ने र प्राविधिक दृष्टकोणले भगवती मन्दिरको मर्मत सुधार कार्यको लागि रु० २,००,०००/- दुई लाख असिम निगाहा बक्स भएकोमा मौसुफ सरकारका पाउमा समर्पित कृतज्ञता चढाउने निर्णय गरियो।

प्र० नं० ३ श्री ५ महाराजाधिराज सरकारबाट भूकम्पग्रस्त क्षेत्रको निरीक्षण भ्रमणको सिलसिलामा मिती ०४५।५।४ गते धरानमा सवारी भै बक्सेको अवसरमा नगरबासीको तर्फबाट प्रधान पंचले सरकारका पाउमा अञ्चल स्तरीय कार्यालय कोशी अञ्चलाधीश लगाएत धरानको सदरमुकाममा सारी पाउ भनी बिन्ती चढाउँदा हुँदा न० पं० ले अञ्चलाधीश कार्यालय भवनको व्यवस्था गरे पछि अञ्चलाधीश कार्यालय धरानमा सार्ने मौसुफ सरकारबाट हुकुम बक्स भएको हुँदा सरकारका पाउमा नगरबासीका तर्फबाट समर्पित कृतज्ञता चढाउँदै कोशी अञ्चलाधीश कार्यालयको लागि ध० न० पं० र नगरबासीहरु समेतको सहयोगबाट भवन निर्माण गर्ने र भवन निर्माण नभए सम्म हाललाई ध० न० पं० को भवन कम्पाउण्ड समेत कोशी अञ्चलाधीश कार्यालयलाई हस्तान्तरण गरी निवासको लागी ध० न० पं० ले संचालन गरी आएको गेष्ट हाउस समेत दिने र नगर पंचायत कार्यालयको लागी अन्यत्र सारी काम चलाउने र सो भवन निर्माण भै सके पछि न० पं० कार्यालय साबिकमा सार्ने व्यहोरा सरकारका पाउमा जाहेर गरी श्री ५ को सरकारमा समेत निर्णय पठाउने निर्णय गरियो।

प्र० नं० ४

ध० न० पं० को स्वीकृत दरबन्दी अनुसार नियुक्ती भएका कर्मचारीहरुलाई साविक खाई पाई आएको तलबमा रु. ३५% प्रतीशत ०४२ साल श्रावण महिना देखि खुवाउने र संचीत बिदाको हकमा प्रत्येक बर्ष संचीत बिदाको रकम भुक्तानी नगरी घर बिदा - १२० दिन । बिरामी बिदा सबै संचीत रहने र बिदा लिन चाहे बिदा दिने तथा रकमको हकमा सेवाबाट अवकाश पाएको अवस्थामा भुक्तानी दिने र हाल सम्मको भुक्तानी मै बाकी रहेको बिदा साल व साल जोडी माथी उल्लेख भए बमोजीम गर्ने निर्णय गरीयो।

न० पं० को अर्को बैठक ०४२।६।६ गते आईतवार बेलुकी ४ बजे पुन: बस्ने गरी आजको बैठक बिहान ९/३० बजे स्थगीत गरीयो।

बै० सं० ४७

मिति- ०४२।६।२
समय - बेलुकी - ४ बजे

## सदस्यवर्गको उपस्थिती

| वार्ड नं० | पद | नाम, थर | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १३ | प्रधान पंच | श्री बम देवान - | |
| ११ | उप प्रधान पंच | श्री बलराम थापा - | [signature] |
| १ | न० पं० सदस्य | श्री उद्धवे श्रेष्ठ - | [signature] |
| २ | न० पं० " | श्री चन्द्र प्रसाद श्रेष्ठ - | [signature] |
| ३ | " " " | श्री मोतिराज ताम्रकार - | अ |
| ४ | " " " | श्री टोम प्रसाद आचार्य - | अ. |
| ५ | " " " | श्री भगवान थापा | [signature] |
| ६ | " " " | श्री सुरेन्द्र पराली (राई) - | [signature] |
| ७ | " " " | श्री बुद्धराज मोक्तान - | अ |
| ८ | " " " | श्री कृष्ण पाखिन - | अ. |
| ९ | " " " | श्री हिरा कुहाश - | अ |
| १० | " " " | श्री जीवन कुमार लावती - | [signature] |
| ११ | " " " | श्री धन प्रसाद लिम्बु - | [signature] |
| १२ | " " " | श्री किशोर सुब्बा - | [signature] |
| १३ | " " " | श्री रमेश श्रेष्ठ - | [signature] |
| १४ | " " " | श्री पद्म नरसिंह श्रेष्ठ - | [signature] |
| १५ | " " " | श्री स्वर्ण दुवेदी - | [signature] |
| १६ | " " " | श्री राम बहादुर घिमिरे - | [signature] |
| १७ | " " " | श्री शरण बहादुर राई - | [signature] |
| १८ | " " " | श्री रमेश राई - | [signature] |
| १९ | " " " | श्री डम्बर बहादुर तामाङ - | [signature] |

### पदेन सदस्य

| संगठन | पद | नाम | हस्ताक्षर |
| --- | --- | --- | --- |
| नेपाल प्रौढ संगठन | सभापती | श्री बिष्णु मोहन पलिखे - | [signature] |
| " यु० प्र० सं० " | " | श्री इच्छाराज गुरुङ - | [signature] |
| " किसान " | " | श्री युवराज उकाल - | [signature] |
| " युवक " | " | श्री मिन कुमार सुब्बा - | अ |
| " मजदुर " | " | श्री बिष्णु कुमार राई | अ. |
| " महिला " | " | श्रीमती लक्ष्मी राई | [signature] |

आज २०४२ साल आश्वीन २ गते आइतवार बेलुकी ४ बजे ध० न० पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यू को अध्यक्षतामा बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरी निम्न बमोजीम निर्णय गरियो ।

प्र० नं० १ **विशेष प्रस्ताव**

श्री ५ युवराजाधिराज दीपेन्द्र बीर बिक्रम शाहदेव सरकारबाट गत ०४२ भाद्र ५ गते गरेको शुभआगमन पिछि

धरान न०पं० क्षेत्रको मिति ०४५।५।१४ गतेका दिन निरीक्षण भ्रमण गरि बक्सि हामी धरानबासिलाई दुखद घडीमा अनुगृहित गरी बक्सेकोमा मौसुफ सरकारका पाउमा सभक्ति कृतज्ञता प्रकट गर्ने निर्णय गरियो।

प्र० नं० २. ध० न० पं० को भवन कोशी अंचलाधीश कार्यालय लाई हस्तान्तरण गर्ने निर्णय गरिएको हुंदा शिघ्र निर्माण सुधार गरी तयारी अवस्थामा राख्नु परेकोले निम्न सदस्य हरु रहेको भवन निर्माण सुधार समिती गठन गर्ने निर्णय गरियो।

(१) न० पं० सदस्य श्री चन्द्र शेख - संयोजक
(२) " " " श्री डम्बर बहादुर तामाङ - सदस्य
(३) पदेन " " " श्री युवराज ढकाल - "

उक्त समितीले न० पं० कार्यालय भवन र धान गोदाम हाउस समेतको मर्मत गराई अविलम्ब निर्माण सुधार गराउने र सो को लागी तत्काल रु० ३०००००/= तिनलाख रकम छुट्याई खर्च गर्ने र पछी आवश्यक पे बैठकमा पेश गर्ने निर्णय गरियो।

प्र० नं० ३. धरान न० पं०को भवन कोशी अंचलाधीश कार्यालय को लागी हस्तान्तरण गरिने भएकोले अंचलाधीश कार्यालय भवन निर्माण भै न० पं०को भवनमा नसरे सम्मको लागी ध० न० पं० कार्यालयको लागी ब्यापार प्रबन्ध समिती धरानको भवन यसै हप्ताभित्र निःशुल्क उपलब्ध गराई दिनु भनी उक्त ब्यापार प्रबन्ध समिती सँग अनुरोध गरी माग गर्ने निर्णय गरियो।

प्र० नं० ४.

ध० न० पं० क्षेत्र भित्र भूकम्प पिडित उद्धार कार्यमा खर्च भएको रकम भुक्तानी दिन बाँकी निम्न अनुसार खर्च बिल भर्पाईहरुका भुक्तानी दिने निर्णय गरियो।

तपसिल

(१) इन्धन खर्च - २०,०००।-
(२) भैपरी " - २०,०००।-
(३) मालसामान खरीद - १०,०००।-
५०,०००।-

उक्त छुट्याएको रकमको परिधिभन्दा नबढ्ने गरी खर्च गर्ने।

प्र० नं० ५. ध० न० पा० क्षेत्र भित्र रहेको सडक बत्ती मर्मत सम्भारको लागी गत: बर्षको रकमको आधारमा प्रत्येक वार्ड समितीलाई रु. २००० दुई हजारको दरले प्रथम किस्ता उपलब्ध गराउने र गत बर्ष गरेको पेश्की फर्छ्यौट समेत गर्ने निर्णय गरियो ।

प्र० नं० ६ न० पा० को नाउमा दर्ता रहेको टेलीफोन हरुको हाल सम्म आएको बिल अनुसारको टेलीफोन, र ट्रङ्कल महशुल भुक्तानी गर्ने र अब ~~उप्राप्त~~ उप्राप्त निवास स्थानमा जडान रहेको टेलीफोनको ~~[illegible]~~ गत: बर्षको बजेटमा तोकिए बमोजीमको रकम सम्बन्धित पदाधिकारीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्र० नं० ७. न० पा० स० तथा न० प्र० स० हरुलाई गत: बर्ष दिए सरह मासिक रु. १०५/- सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्र. नं. ८ - वार्ड समितीको कार्यालय रहेको घर भाडा वापतको रकम गत: बर्ष नगर सभाले पारीत गरे बमोजीम वार्ड समितीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्र० नं० ९. नेपाल महिला संगठन प्रा० कार्य समिती धरान लाई च्यालु आ. ब. को बजेटमा समावेश गर्ने गरी हाल रु० २०००/- दुईहजार मात्र ~~प्रौढ शिक्षा कक्षा संचालनको लागी~~ उपलब्ध गराउने निर्णय गरियो ।

~~प्र० नं० १०~~ आजको बैठक बेलुकी ६/२० बजे समाप्त गरियो ।

[signatures]

[illegible]

बै.सं. ४८

मिति: ०४५/६/२६

समय: बिहान ७/३० बजे

## सदस्यहरूको उपस्थिति

| वार्ड नं | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १३ | प्रधान पंच | श्री बम देवान | |
| ११ | उप " " | श्री बलराम थापा | |
| १ | न०पं० सदस्य | श्री उद्धव श्रेष्ठ | |
| २ | " " | श्री चन्द्र प्रसाद श्रेष्ठ | |
| ३ | " " | श्री मोतीराज नाम्का | अउ |
| ४ | " " | श्री टेम प्रसाद आचार्य | |
| ५ | " " | श्री भगवान थापा | अउ |
| ६ | " " | श्री सुरेन्द्र पराली (राई) | |
| ७ | " " | श्री बुद्धराज मोक्तान | अउ |
| ८ | " " | श्री कृष्ण पाख्रिन | |
| ९ | " " | श्री हिरा उदास | अउ |
| १० | " " | श्री जीवन लावती | |
| ११ | " " | श्री धनप्रसाद लिम्बू | |
| १२ | " " | श्री किशोर सुब्बा | |
| १३ | " " | श्री रमेश श्रेष्ठ | अउ |
| १४ | " " | श्री पदमनारसिंह श्रेष्ठ | |
| १५ | " " | श्री सूर्य सुवेदी | अउ |
| १६ | " " | श्री राम बहादुर घिमिरे | |
| १७ | " " | श्री शरण बहादुर राई | |
| १८ | " " | श्री रमेश राई | |
| १९ | " " | श्री डम्बर तामाङ | |

### पदेन सदस्य

| | | | |
|---|---|---|---|
| नेपाल वर्गीय संगठन सभापति | | श्री विष्णु मोहन पालिखे | |
| " भू.पू.सै. " | " | श्री इच्छाराज गुरुङ | |
| " किसान " | " | श्री युवराज ढकाल | |
| " युवक " | " | श्री मित्र कुमार सुब्बा | अउ |
| " मजदुर " | " | श्री विष्णु कुमार राई | |
| " महिला " | " | श्रीमती लक्ष्मी राई | अउ |

आज २०४५ साल आश्वीन २६ गते बिहिवार बिहान ७/३० बजे न०पं० को बैठक प्रधान पंच श्री बम देवान ज्यू को अध्यक्षतामा बैठक बसी निम्न प्रस्ताव सम्बन्धमा छलफल गरियो

प्रस्ताव नं० १ श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार तथा श्री ५ बडा महारानी ऐश्वर्य राज्य-लक्ष्मी देवी शाह सरकार तथा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर

विक्रम शाहदेव सरकारका जुनाउमा २०५२ सालको शुभ विजया दशमीको पावन अवसरमा सरकारका पाउमा सुस्वास्थ्य तथा दीर्घायुको मंगलमय हार्दिक शुभकामना भक्तिपूर्वक चढाउने सर्व सम्मतिबाट निर्णय गरियो।

प्र० नं० २. आ० ब० ०५२/०५३ को प्रस्तावित मस्यौदा बजेट सम्बन्धमा

यस न० पं० को चालु आ० ब० ०५२/५३ को प्रस्तावित अनुमानित आय, व्यय तर्फ रु. १,०६,३८,६८८/२२ को मस्यौदा बजेट प्रशासन तथा आर्थिक समितीबाट पारीत भै प्रधान पंच ज्यू मार्फत आजको बैठकमा निर्णयार्थ पेश हुन आएको बजेट मस्यौदा वितरण भयो यस सम्बन्धी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

प्र० नं० ३. समिती गठन गर्ने ~~कुरा~~ सम्बन्धमा छलफल गर्दा आगामी बैठकमा पुनर्गठन गर्ने निर्णय गरियो।

विविध

(१) भुकम्प पिडित भै घरबार विहिन भएको व्यहोरा दर्शाई न० प० स० हरुले सहयोग माँग गरी निवेदन पेश भएकोमा रकम व्यवस्था हुन नसके भुकम्प पिडित न० प० स० हरुलाई बढीमा रु. ३६,५००/- छत्तीस हजार पाँचसय सम्म पुग्ने सम्म चालु आ. ब. अन्त्य सम्ममा फिर्ता गर्ने गरी सापटी स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

(२) वार्ड नं० १८ का अध्यक्ष (न० पं० स०) श्री रमेश राईको बायाँ खुट्टा भाँचीई अशक्त अवस्थामा भएको हुँदा औषधी उपचारको लागी आर्थिक परना जान सापटी स्वरुप रु. १०,०००/- दश हजार सापटी उपलब्ध गराई पाउ भनी माँग भएको निवेदनमा छलफल गर्दा औषधी उपचारको लागी वहाँलाई छैठौं पछी रु. १०,०००/- दश हजार मात्र चालु आ. ब. भित्र फिर्ता गर्ने गरी सापटी स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो।

(३) न० पं० कार्यव्यवस्था नियमावली र न० पं० ऐन संशोधीत २०४४ समेतको आधारमा मन्त्रालयको निर्देशन समेतलाई मध्ये नजर राखि औषधीहरुमा चुङ्गी कर लगाई आएकोमा हाल भुकम्पबाट क्षतीग्रस्त भै सर्व साधारणलाई ज्यादै मार्का परेको तथा ध० न० पं० क्षेत्रका औषधी बिक्रेता हरु समेतबाट बाम्या चुंगी कर छुट गर्न अनुरोध भएको समेत तर्फ विचार गर्दा प्रशासन तथा आर्थिक समितीको मिती ०५२।६।१५ को निर्णय भए बमोजिम हाललाई

१एक महिनाको लागी लगत शाखि औषधीमा चुंगी
नलिने र यो समय पछि साविक बमोजीम चुंगी लिने
निर्णय गरीयो। यो बमोजीमको जानकारी सम्बन्धित निकायमा
दिने।

आजको बैठक बिहान १०/३२ बजे समाप्त
गरियो।